# गोपालप्रसाद रिमाल, 'मसान' नाटक र नारीवाद

**अरुणविलास अधिकारी**
**शहीद स्मारक कलेज, शारदानगर, चितवन ।**

**लेखसार**

साहित्य समाजको दर्पण हो । समाजमा देखिएका विकृति, विसङ्गति, अन्याय, अत्याचार, दमन, शोषण, उत्पीडन आदिको यथार्थ पर्दाफास गराई समाजलाई प्रगतितर्फ उन्मुख गर्ने काम साहित्यले गर्दछ । साहित्यका प्रमुख विधा श्रव्यविधा र दृश्यविधा हुन् । श्रव्यविधा अर्थात् सुनेर र पढेर आनन्द लिने विधाअन्तर्गत कथा, कविता, निबन्ध, उपन्यास आदि पर्दछन् भने दृश्यविधाअन्तर्गत नाटक पर्दछ । दृश्यविधाभित्र पर्ने नाटक मञ्चनयोग्य हुनुपर्छ र दर्शकले रङ्गमञ्चबाट प्रदर्शित वा मञ्चित नाटकको विषयवस्तुलाई पात्रहरूका अभिनयद्वारा बुझ्ने प्रयास गर्दछन् । आधुनिक नेपाली नाटकको लगभग शुभारम्भदेखि नै सामाजिक यथार्थवादी प्रवृत्तिलाई आधारभूमि मान्दै आफ्नो नाट्यलेखन परम्परालाई निरन्तरता दिन सफल नाटककार व्यक्तित्वको नाम गोपालप्रसाद रिमाल हो । आधुनिक नेपाली साहित्यको फाँटमा थोरै लेखेर प्रशस्त ख्याति कमाउन सफल रिमालले 'आमाको सपना' नामक कविता सङ्ग्रहका साथै 'मसान' र 'यो प्रेम' नाटक अनि 'माया' नामक एकाङ्कीको मात्र संरचना तथा प्रकाशन गरेका छन् । तत्कालीन नेपाली समाजमा विद्यमान् सामाजिक जीवनका यथार्थ पक्षहरूलाई आत्मसात गर्न सफल रिमाल साँच्चैं सामाजिक यथार्थवादी नाटककार हुन् । नेपाली कविताको क्षेत्रमा नवीन गद्यशैलीका शुभारम्भकर्ता कवि व्यक्तित्व रिमालको खारिएको र माझिएको विधा चाहिँ नाटक नै हो ।

नाटकककार रिमालद्वारा संरचित दुई नाटकहरू मध्येको पहिलो नाटक 'मसान' (वि सं २००३) हो । यस नाटकमा नाटककार रिमालले नेपाली समाज अनि सामाजिक संरचनाको यथार्थ तस्वीर खिच्नुका साथै नारी जीवनमा घट्ने गरेका यथार्थ समस्यालाई मूल विषयवस्तु बनाएका छन् । रिमालले आफ्ना नाटकमा नारी उच्छृङ्खललताको नग्न नृत्य नदेखाई अनि नारीलाई बासनातृप्तिको स्वार्थमा पूर्ण लोलुप नपारी नारीमा निहित गुण र सामर्थ्यका बारेमा उल्लेख गर्दै घर, समाज र राष्ट्मा नारीप्रति उच्च सम्मानको भाव दर्शाएका छन् । नारी कसैकी खेलौना होइनन् न त बासनातृप्तिकी साधन नै । सृजनाकी आधार नारीलाई उचित सम्मान दिई उनको जीवन, उनको घर, उनको परिवार कसैलाई पनि मसान बनाउने चाहना नाटककारमा नभएको वास्तविक अभिव्यक्तिलाई प्रमाणित गर्ने प्रयास प्रस्तुत नाटकमा रिमालले गरेका छन् ।

राणाकालीन परिवेशअन्तर्गत सामन्तकालीन केटीप्रथाको खराबीउपर प्रहार गर्नु 'मसान' नाटकको खास उद्देश्य हो । मातृत्व स्त्रीजातिको जन्मसिद्ध अधिकार हो । तर कृष्णले पहिले नै ओखती ख्वाइसकेकोले युवतीको मातृत्व सफल हुँदैन न त कुनै सदुद्देश्यका निम्ति त्यस्तो आकाङ्क्षालाई उत्सर्ग गर्न नै पाएकी छे । ऊ चिर युवती बनी, भोग्या बनी तर आमा बनिन, जुन कुराको उसलाई ठूलो धोको थियो । युवती चाहन्थी कृष्णको माया दुलहीमा पनि बाँडिओस् तर छोरोलाई भने सधैँ आफ्नै छातीमा टाँसिएको हेर्न पनि ऊ चाहन्थी । मातृत्व मातृत्वको यो सङ्घर्षको फलस्वरूप दुलही बिरामी पर्नु, युवतीले कृष्णलाई बिरामीमाथि माया जगाइरहन खोज्नु, युवतीको मातृत्व र मानवताले कृष्णलाई आफ्नो पाप लुकाइराख्न असमर्थ पार्नु,

युवतीलाई बढी माया गर्नाको स्पष्टीकरण दिँदै भेद खोल्नु, दुलहीको देहान्त हुनु, युवती मातृत्वको हत्यारा लोग्नेको मसानतुल्य घरलाई सदाका लागि त्यागेर निस्कनु आदिबाट 'मसान' नाटकभित्रको नारीवादी चेतना स्पष्टै झल्किन पुग्छ ।

## विषयवस्तुको परिचय

नाटक आफैँमा पूर्ण विधा हो । सुप्रसिद्ध नाटककार गोपालप्रसाद रिमालको बाल्यकालीन चिनारी अर्थात् जन्म, जन्मस्थान, बाबुआमा, शिक्षादीक्षा, साहित्यिक कार्यको थालनी, जीवनका महत्त्वपूर्ण पाटाहरू, नाट्यकृति तथा नाट्यप्रवृत्तिहरू, 'मसान' नाटकको संरचना, कथावस्तु, प्रमुख पात्रहरूको चरित्र र नारीवादलाई प्रस्तुत नाटकको विषयवस्तु बनाइएको छ ।

## समस्याकथन र उद्देश्य

प्रस्तुत गोपालप्रसाद रिमाल, 'मसान' नाटक र नारीवाद शीर्षकको लेखमा गोपालप्रसाद रिमाल को हुन्, उनको पारिवारिक तथा साहित्यिक पाटो के छ, 'मसान' नाटकको विषयवस्तु, पात्रचयन कस्तो छ, अनि नारीवादका दृष्टिले 'मसान' नाटकको विश्लेषण कसरी गर्न सकिन्छ भन्ने समस्यामा केन्द्रित भई अध्ययन गरिने उद्देश्य राखिएको छ ।

## पूर्व साहित्यको समीक्षा

गोपालप्रसाद रिमाल आधुनिक नेपाली नाटककार हुन् । उनको साहित्यिक यात्रा तथा नाट्यकारिताका सम्बन्धमा यसअगाडिका विभिन्न साहित्यकारहरूका साहित्यिक रचनाहरूमा चर्चा भइसकेको छ । तीमध्ये केही साहित्यकारहरूका रिमालसम्बन्धी चर्चालाई तल प्रस्तुत गर्न सकिन्छ :

क) 'आधुनिक नेपाली साहित्यको झलक' नामक कृतिको पृष्ठ १८१ मा रत्नध्वज जोशीले बालकृष्ण समपछि नेपाली नाटकमा गोपालप्रसाद रिमालको प्रयास 'मसान' को महत्त्व उल्लेखनीय भएको चर्चा गरेका छन् ।

ख) 'नेपाली साहित्यका केही पृष्ठ' नामक कृतिको पृष्ठ २२५ मा डा. दयाराम श्रेष्ठ 'सम्भव' ले नेपाली साहित्यको राजनैतिक इतिहासको परिप्रेक्षमा राणाकालीन नारी सन्दर्भलाई हेर्दा रिमाल नै ज्यादा इमानदार र युगसापेक्ष देखिएको कुरा उल्लेख गरिएको छ ।

ग) 'नेपाली गद्य र नाटक' नामक कृतिको पृष्ठ १४४ मा राम पोखरेल र लक्ष्मण पोखरेलले रिमालको पहिलो कृति 'मसान' लाई मान्दै नेपाली नाटकमा रिमालको आगमनपश्चात् यथार्थवादी गद्य नाटकले प्रवेश पाएको कुरा उल्लेख गरिएको छ ।

घ) 'नेपाली गद्य र नाटक' नामक कृतिको पृष्ठ ३६९ मा डा. पारसमणि भण्डारी र उनका साथीहरूले पाश्चात्य विश्वविख्यात नाटककार इब्सेन र बर्नाडशाले आधार मानेको यथार्थपरक-समस्यामूलक नाट्यलेखनलाई रिमालले आधार मानेका कुरा उल्लेख गरिएको छ ।

ङ) 'रिमाल व्यक्ति र कृति' नामक कृतिको पृष्ठ १९६ मा डा. केशवप्रसाद उपाध्यायले 'मसान' नाटकको वस्तुसङ्गठन : प्रारम्भ बिन्दुदेखि अन्तिम बिन्दुसम्मका घटनाक्रमको विश्लेषण गरेका छन् ।

## अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययनको शीर्षक 'गोपालप्रसाद रिमाल, मसान र नारीवाद' रहने छ । यसमा रिमालको बाल्यकालीन पाटोको समान्य चिनारी दिइने, उनको शिक्षादीक्षा, साहित्यिक संलग्नता र प्रकाशित कृतिहरू, प्रमुख नाट्यकारिता, 'मसान' नाटकको संरचना, कथावस्तु, प्रमुख पात्रहरूको चिनारी दिइनुका साथै नारीवादका दृष्टिकोणले 'मसान' नाटकको विश्लेषण र उपसंहार तथा निष्कर्षखण्ड मात्र समावेश गरिनेछ ।

## सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय अध्ययनलाई मूल आधार बनाइएको छ । यसका साथै स्नातक तहमा प्राध्यापनका सन्दर्भमा प्राप्त पाठ्यपुस्तकहरू पनि यसका महत्त्वपूर्ण सामग्रीहरू हुन् ।

## रिमाल व्यक्ति,कृति र प्रवृत्ति

वि सं १९७५ साल जेठ १८ गते कृष्ण पक्षको सप्तमी तिथिका दिन काठमाडौँको लगनटोलमा जन्म भई २०३० साल कार्तिक ८ गते आफ्नो इहलीला समाप्त पार्न पुगेका बहुमुखी प्रतिभासम्पन्न साहित्यकार व्यक्तित्वको नाम गोपालप्रसाद रिमाल हो । पिता उमाकान्त रिमाल तथा माता आदित्यकुमारी रिमालका जेठा सन्तान गोपालप्रसाद रिमालले वि सं १९९३ सालको एस एल सी परीक्षामा सर्वप्रथम भई औपचारिक रुपमा त्रिचन्द्र कलेजमा भर्ना भई आई ए दोस्रो वर्षसम्मको अध्ययन गरेका थिए ।[१] वि सं १९९२ मा 'प्रति' कविताबाट साहित्यिक जीवन प्रारम्भ गरेका रिमालले वि सं १९९५ मा जुद्धोदय पब्लिक हाइस्कुलको स्थापनामा सक्रिय संलग्नता जनाएको देखिन्छ ।[२] वि सं १९९७ मा अमिनीमा लप्टन, वि सं २००० मा भाषानुवाद परिषदका लेखक, वि सं २००३ मा शारदा पत्रिकाको सम्पादक बनेर उनले नेपाली भाषा तथा साहित्यको सेवा गर्न थालेका थिए । राष्ट्रियता, प्रजातन्त्र र नेपाली साहित्यका अनन्य सेवक उनी थोरै लेखेर धेरै ख्याति कमाउन सफल साहित्यकार व्यक्तित्व हुन् ।[३] उनले स्वयम् नै 'शारदा' पत्रिकाबाट काव्य रचनाका निम्ति प्रेरणा पाएका र गद्य कविताको प्रणयनका निम्ति अमेरिकाली कवि वाल्ट ह्विटम्यान र हिन्दी कवि सूर्यकान्त त्रिपाठी 'निराला' बाट साहित्यिक प्रभाव परेको पाइन्छ ।[४] उनका प्रकाशित कृतिहरूमा मसान (२००३) र यो प्रेम (२०१६) नाटक, माया (२०१०) एकाङ्की र आमाको सपना (२०२०) कविता सङ्ग्रह नै प्रमुख मानिन्छन् । सुप्रसिद्ध मदन पुरस्कार (२०१९) र त्रिभुवन पुरस्कार (२०३०) बाट सम्मानित रिमालका यिनै प्रकाशित नाट्यकृतिहरूका आधारमा प्रमुख नाट्यप्रवृत्तिहरू केलाउने जमर्को गरिएको छ ।


गोपालप्रसाद रिमाल सामाजिक यथार्थवादी नाटककार हुन् । पश्चिमी साहित्यमा नर्वेली नाटककार इब्सेनबाट प्रभावित भएको यथार्थवादी नाट्यलेखन परम्परालाई नेपाली नाटकमा भित्र्याउने रिमाल मूलतः सोही प्रवृत्तिका नाटककारका रुपमा प्रसिद्ध रहेका छन् ।[५] रिमालद्वारा प्रकाशित दुईवटै नाटकले मानव जीवनको यथार्थ पक्षलाई केलाउँदै व्यक्तिको मूल्य, महत्व, स्वतन्त्र चिन्तन र अस्मिताको स्थापना गराउने काम गरेका छन् ।

१. पारसमणि भण्डारी र अन्य, **नेपाली गद्य र नाटक** (काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०६४) पृष्ठ ३९४
२. पारसमणि भण्डारी र अन्य, **पूर्ववत्,** पृष्ठ ३९४
३. पारसमणि भण्डारी र अन्य, **नेपाली नाटक-एकाङ्की र निबन्ध** (काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०६७) पृष्ठ ५९
४. केशवप्रसाद उपाध्याय, **रिमाल व्यक्ति र कृति,** दोस्रो संस्करण (काठमाडौँ, साझा प्रकाशन, २०४९) पृष्ठ ९२
५. पारसमणि भण्डारी र अन्य, **पूर्ववत्,** पृष्ठ ३९६

यस आधारमा उनलाई युगप्रवर्तक नाटककारका रुपमा लिन सकिन्छ ।[६] रिमाल नारीवादी चिन्तक पनि हुन् । उनका दुईवटै नाटकहरू नारी समस्यामा केन्द्रित छन् । समाजमा पुरुष वर्गले विभिन्न बहानामा नारीहरूमाथि गर्ने अन्याय, अत्याचार तथा शोषणलाई सशक्त रुपमा उजागर पार्दै पुरुषहरूको यस्तो कुप्रवृत्तिका विरुद्ध आवाज उठाउने काम रिमालले गरेका छन् । नेपाली नाट्य जगत्मा नारी विद्रोहको बिगुल फुक्ने पहिलो नाटककार रिमाल नै हुन् ।[७] उनी समस्यामूलक नाटककार पनि हुन् । आफ्ना नाटकहरूमा घटनाको विकास सहज ढङ्गले गराउनु, जीवनमा गरिएको एउटा भूलले अर्को भूललाई निम्त्याई समस्या थप्दै लैजानु उनको समस्यामूलक नाट्यकारिता हो । त्यसैले रिमाललाई आधुनिक समस्यामूलक नेपाली नाटकका जनक मान्न सकिन्छ ।[८] रिमाल द्वन्द्वप्रधान नाटककार पनि हुन् । उनका नाटकमा नायक र प्रतिनायक वा खलनायकका बीचमा द्वन्द्व नभएर नारी र पुरुषका बीचमा द्वन्द्व केन्द्रित भएको हुन्छ । मातृत्व, पत्नीत्व, पुत्रत्व आदिजस्ता विषयका द्वन्द्वले नाटकीय कार्यव्यापारलाई निकै प्रभावकारी बनाउने कार्य रिमालबाट भएको छ । उनका नाटकहरूको द्वन्द्वको निष्कर्ष मातृत्वको विजय हो ।[९] परम्परागत दुःखान्त वा सुखान्तभन्दा भिन्नै ढङ्गका नाटक लेख्ने रिमालका नाटकमा दुःखान्त र प्रहसनको मिश्रण पाइन्छ । सरल, सङ्क्षिप्त तर उच्च मूल्यका नाटक लेख्ने उनका नाटकमा पात्रहरूद्वारा जीवनमा गरिएका एउटा भूलले अर्को भूललाई निम्त्याउँछ र त्यसपछि अर्को समस्या थपिँदै जान्छ । यस आधारमा उनी समस्यामूलक नाटककार पनि हुन् । रिमनलका नाटकमा संवादको भूमिका पनि अत्यन्तै महत्वपूर्ण देखिन्छ । संवादकै माध्यमबाट अतीतका घटनाहरूलाई प्रकाशमा ल्याउने तथा वर्तमानमा चारित्रिक परिवर्तनलाई आत्मसात् गराउने प्रवृत्ति रिमालको देखिन्छ ।[१०] रिमालका नाटकले कथानकभन्दा चरित्रलाई र चरित्रलाई भन्दा पनि वैज्ञानिक तथा भावनात्मक अभिव्यक्ति र प्रभावलाई विशेष महत्व दिएका हुन्छन् ।[११] मध्यमवर्गीय नेपाली समाजमा पुरुषहरूको भोगवादी चिन्तनबाट पिल्सिएका नारीहरूलाई उन्मुक्तिको बाटो देखाउनु रिमालका नाटकको मूल कथ्य देखापर्दछ । परम्परागत नाटकमा भन्दा भिन्न दुई वा तीन अङ्कमा नै नाटकहरूको संरचना गर्नु, छोटो कथानक, थोरै पात्र एवम् छोटोछरितो संवाद अँगाल्नु, एक घर वा एकैस्थानका दुई घरको स्थानगत परिवेश निर्माण गर्नु, अन्वितित्रयको पूर्ण पालना गर्नु, सहजता र स्वाभाविकतालाई मान्यता दिनु, पात्रानुकूल संवादको प्रयोग गर्नु आदि प्रवृत्ति पनि रिमालका नाटकमा प्राप्त गर्न सकिन्छ । मांसल प्रेमका सख्त विरोधी रिमालले सदा सृजनशील प्रेमका पक्षमा वकालत गरेका छन् । विवाह पुरुषहरूको कामवासना सेलाउने उपयुक्त बाटो मात्र नभई सन्तान उत्पादन गरी सृष्टि प्रक्रियालाई निरन्तरता दिने सार्थक विधि हो भन्ने मान्यताका पक्षपाती रिमाल प्रेमविनाको दाम्पत्य र सन्तानविहीन दाम्पत्य उत्तिकै निरर्थक हुने भएकोले प्रेम र सन्तानलाई एक अर्काका पूरक वस्तुका रुपमा लिन पुग्दछन् ।[१२] थोरै लेखेर पनि प्रशस्तै ख्याति कमाएका रिमालले नेपाली नाटकमा परम्पराभन्दा भिन्न यथार्थवादी नाट्यलेखन परम्पराको प्रवर्तन र प्रवर्द्धन गर्दै आफ्नो नाट्यकारितालाई अत्यन्तै समृद्ध र सशक्त बनाउन पुगेका छन् । आज उनको भौतिक शरीरले विश्राम लिएको भए तापनि आधुनिक नेपाली नाट्य साहित्यको क्षेत्रमा उनले दिएका नवीन प्रवृत्ति, मान्यता र योगदानले गर्दा उनी सदा अमर छन् र रहिरहने पनि छन् ।

६. पारसमणि भण्डारी र अन्य, **पूर्ववत्**, पृष्ठ ६०
७. पारसमणि भण्डारी र अन्य, **पूर्ववत्**, पृष्ठ ६०
८. पारसमणि भण्डारी र अन्य, **पूर्ववत्**, पृष्ठ ६०
९. पारसमणि भण्डारी र अन्य, **पूर्ववत्**, पृष्ठ ६०
१०. पारसमणि भण्डारी र अन्य, **पूर्ववत्**, पृष्ठ ३९६
११. मुकुन्दराज शर्मा, **नेपाली नाटक-एकाङ्की र निबन्ध सहयोगी** (काठमाडौँ: एम के पब्लिशर्स एण्ड डिष्ट्रीव्युटर्स, २०६१) पृष्ठ २५
१२. पारसमणि भण्डारी र अन्य, **पूर्ववत्**, पृष्ठ ६१

**'मसान' नाटकको संरचनागत स्वरुप**




सामाजिक यथार्थवादी नाटककार गोपालप्रसाद रिमाल (वि सं १९७५- २०३०)द्वारा लिखित तथा वि सं २००३ सालमा प्रकाशित मसान यथार्थवादी शिल्पमा आधारित नाटक हो । परम्परागत नाटकमा जस्तो पाँच अङ्को आयोजना नरहेको ६७ पृष्ठको यस नाटकमा जम्मा दुई अङ्क रहेका छन् । जुन अघिल्लो आधा अर्थात् पहिलो अङ्कमा पाँच दृश्य अनि पछिल्लो आधा अर्थात् दोस्रो अङ्कमा पाँच दृश्य गरी जम्माजम्मी दस दृश्यको समायोजन गरिएको छ ।

**'मसान' नाटकको कथावस्तु**

सामाजिक घटनामा आधारित कथावस्तुयुक्त 'मसान' समस्याप्रधान नाट्यरचना हो । यस नाटकमा नाटककार गोपालप्रसाद रिमालले राणाकालीन पुरुषप्रधान नेपाली समाजमा नारीमाथि हुने गरेका दमन, शोषण, अन्याय, अत्याचारको यथार्थ चित्रण गरिएको छ । समाजमा भएका जन्म, विवाह, सन्तानको चाहना, बहुविवाह, घरझगडा, तीर्थयात्रा, नोकरचाकर, मृत्यु, घर छाड्ने परिपाटी आदिलाई यस नाटकको कथावस्तुले समेटेको छ । नाटकमा प्रमुख पात्रका रुपमा उपस्थित कृष्ण, युवती र दुलहीका माध्यमबाट दुःखान्तमा लगी विश्राम दिने काम नाटककार रिमालले गरेका छन् । नाटकको प्रमुख पात्र कृष्णले युवतीलाई थाहा नै नहुने गरी सन्तान नहुने औषधि खुवाएको छ । कति नै प्रयास गर्दा पनि आफूबाट सन्तान नहुने पाएकी निर्दोष युवतीले सन्तानको चाहना पूरा गर्न आफ्नी नन्दको छोरा अर्थात् भानिज भोटुलाई ल्याई सन्तानको माया दिएर पालेकीछे । यसबाट पनि सन्तान सुखको अनुभूति नगरेकी युवतीले लोग्नेको अर्को बिहे गरी सौता भित्र्याएर त्यसबाट सन्तान भएमा आफ्नो लोग्नेको अंश परेको सन्तान त जन्मिने सोची सासूको मिलेमतोमा कृष्णको दोस्रो विवाह गर्न पुग्छे । यस कुरामा कृष्ण त्यति खुसी देखिँदैन । आफूले युवतीमाथि गरेको अपराध आफूलाई मात्र थाहा भएको अनि सन्तानप्राप्तिका लागि निर्दोष युवतीले चालेका अनेकौं कदमहरूबाट उसमा युवतीप्रति अझै सहानुभूति र ममताभाव जागृत हुन पुग्छ । नयाँ दुलही आफ्नो श्रीमान्को अधिकारबाट टाढा हुन पुग्दछे । ऊ पूर्ण रुपमा युवतीको निगाहमा रहन बाध्य छे । घरपरिवार, श्रीमान्, सौता, सासूससुरा आदि सबैको दृष्टिमा दुलहीलाई बच्चा जन्माउन ल्याइएको मेसिनका रुपमा मात्र हेरिएको छ । पतिलाई एउटा सन्तान प्राप्तिका लागि दुलहीसँग नजिकिने वातावरण मिलाउन युवती आफू कहिले माइत गइदिने, कहिले सोही कार्यमा लाग्न श्रीमान्लाई उत्प्रेरित गर्ने आदि गर्दै रहँदा दुलही गर्भवती हुन पुगेकी छे । उसको गर्भावस्थाको उचित स्याहारसम्भार र खानपानको सही व्ययस्था मिलाएको नपाइए तापनि सासूससुरा तीर्थयात्रामा रहँदै गर्दा यता दुलहीबाट छोरा जन्मन पुग्छ । छोरा जन्मिएकोमा दुलहीभन्दा

बढी युवतीमा हर्ष बढेको अनि प्रशव पीडामा पनि युवतीमा बढी छट्पटाहट भएको कुरा नाटकमा देखाइएको छ । सुत्केरी अवस्थाकी दुलहीले आवश्यक स्याहार सुसार पाएकी छैन । नवजात शिशुलाई समेत दूध चुसाउने धाई राख्नेसम्मको वातावरण युवतीले मिलाएको कुरा थाहा पाएपछि दुलहीले उक्त कुरामा असहमति जनाउन पुग्दछे । चिन्ता नै चिताको मूल बाटो हो भनेझैँ सुत्केरीममा राम्रो स्याहार सुसार नपाउनु, श्रीमान्‌को मन जिती नजिक पार्न नसक्नु, आफूले जन्माएको छोरासँग समेत दूधको नाता मात्र बाँकी रही सौताले खोसेर लानु आदिजस्ता कुराहरूबाट चिन्तित दुलही दीर्घ रोगी बन्दै जान्छे । सन्तानवती कान्छी पत्नी भएर पनि आफू पूर्ण हक अधिकारमा नभई निगाहमा रहनु परेको अनि पुत्रमाथिको अधिकारबाट पनि वञ्चित हुनु परेकोमा साह्रै चिन्तित भएकी छे । ऊ कसैको निगाहमा नभई आफ्नो पूर्ण हक र अधिकारको खोजीमा उभिएकी छे । उसमा श्रीमान्, सौता र सासूप्रति पूर्णरुपमा आक्रोश बढ्दै गएको छ ।

युवती र कृष्णले सुरुमा भोटुलाई माग्न जाँदा अर्को बिहे पनि नगर्ने अनि भोटुलाई नै आफ्नै सन्तान मानी उसको लालन-पालन, लेखपढ गराउने सर्तमा ल्याएका थिए । जब कृष्णले अर्को बिहे गर्यो, छोरा पायो त्यसपछि कृष्णकी बहिनीले पनि माइतीसँग रिसाउँदै भोटुलाई फिर्ता लगेकी र माइत नै आउन जान छाडेकी छे । उता कृष्णको ज्वाइँले कृष्णकी बहिनीमाथि सौता हालेको छ । युवतीको मातृत्वहरण गरेर आफूले ठूलो अन्याय गरेको कुराको रहस्य कृष्णले युवतीसामु खोल्न पुग्छ । युवती आफू अन्यायमा परेको खबर सुनाएर दुलही अर्थात् बिरामी सौतासँग माफी माग्न जान्छे । मानसिक रोगले ग्रसित दुलहीले युवतीका कुरा नसुनी बोक्सी आई भन्दै उसलाई ढुङ्गाले हान्छे र आफू पनि मुर्छा परी सदाका लागि बिदा हुन पुग्दछे । यसरी जब पुरुष वर्गबाट नारी वर्गमा भएको अन्यायको रहस्योद्‌घाटन हुन्छ तब युवतीलाई आफ्नो पतिको घृणित एवम् नारी जीवनको वास्तविकता नबुझी नारीलाई खेलौना मात्र ठान्ने खराब प्रवृत्तिको तीव्र प्रतिरोध वा विरोध गर्ने हिम्मत बढेर आउँछ । यसैको परिणामस्वरूप युवती डरलाग्दो विद्रोहमा उत्रिँदै आफ्नो पतिको घरलाई मसान सम्झेर त्याग गरी अज्ञातस्थलतर्फ लाग्छे अनि नाटकीय कथावस्तुको अन्त्य पनि हुन पुग्दछ ।

**पात्रविधान**

गोपालप्रसाद रिमालद्वारा लिखित मसान नाटकमा बहुपात्रहरूको समायोजन गरिएको छैन । यसमा प्रमुख रुपमा कृष्ण, युवती, दुलही, वागती, सासूससुरा, भोटु, नोकरहरू आदि पात्रहरू उपस्थित छन् । यसमा पनि नाटकको मुख्य कथावस्तु कृष्ण, युवती र दुलही तीन पात्रमा केन्द्रित रहेको छ । यी मुख्य तीन पात्रहरूका चारित्रिक विशेषताहरूलाई तल देखाउने प्रयास गरिएको छ ।

कृष्ण प्रस्तुत नाटकको केन्द्रीय पुरुष पात्र वा नायक हो भने युवती उसकी प्रेमिका, केन्द्रीय नारी पात्र वा नायिका हो । दुलहीचाहिँ कृष्णकी दोस्री श्रीमती अनि युवतीकी सौताका रुपमा उपस्थित नाटककी सहनायिका हो । यी तीनजना पात्रहरूमा आआफ्नै किसिमका चारित्रिक विशेषता पाइन्छन् । एक सहरिया उच्चमध्यम वर्गीय पुरुषहरूको प्रतिनिधि पात्र कृष्ण आफ्नी प्रेमिका युवतीप्रति पूर्ण समर्पित भएर पनि दीर्घकालसम्म युवतीलाई भोगविलास गर्ने तीव्र आकाङ्क्षामा लीन भई युवतीमा निहित सिर्जनाशक्तिमाथि सन्तान नहुने औषधि खुवाई बाँझी तुल्याएको छ । यस कुरालाई बुझ्न नसकेकी निर्दोष युवतीले आफैँमा कुनै शारीरिक कमजोरी ठानी कमसेकम सौताबाटै जन्मिएको सन्तान भए पनि त्यसमा आफ्नो पतिको अंश त परेको हुन्छ भनी लोग्नेलाई अर्की पत्नी बिहे गर्न बाध्य पार्छे । सौता त छ तर रोगी हुनाको कारण केही

गर्न नसक्ने अवस्थाकी भएकोले अर्को बिहे नगरी नहुने छाप पारेर युवतीले नै झुक्याएर दुलहीसँग कृष्णको अर्को बिहे गराएकी छे । पश्चिमी संस्कार र संस्कृतिबाट प्रभावित कृष्ण भोगवादी, गैरजिम्मेवार, र कर्तव्यच्यूत व्यक्ति हुनाको कारण युवतीको करबलबाट दुलहीसँग नजिकिएर छोरा जन्माएको नै भए तापनि न त छोराप्रति न त छोराकी आमाप्रति नै जिम्मेवार देखिन्छ । जसको परिणामस्वरूप दुलही त बिरमी भई मर्न नै पुग्दछे । नारी समस्या र पीडाको मूल कारक कृष्णका मानवताहीन, विवेकहीन, व्यक्तिवादी, नालायक र अकर्मण्य कार्यको परिणामस्वरूप दुलहीले छोरा पाए पनि त्यस घरमा कुनै किसिमको शान्ति छाउन सकेन । नारीलाई भोग्या वस्तुको सिकार ठान्ने प्रवृत्तिबाट युवती प्रत्यक्ष प्रभावित हुन पुगी भने आफ्नो धर्म, कर्तव्य र जिम्मेवारीमा लीन नहुनाको कारण दुलहीले तड्पिई तड्पिई ज्यान गुमाउनु पर्यो । जब कृष्णबाट आफूमाथि घोर अन्याय भएको कुरा युवतीलाई थाहा भयो तब आफ्नो अस्तित्व र अधिकारका लागि विरोधमा उत्रिन सक्ने खरो स्वभावकी नारी हो युवती । समय र परिस्थितिलाई बुझी त्यहीअनुसार चल्नसक्ने क्षमता युवतीमा छ । कृष्ण एक पुत्र, पति, दाजु, मालिक, पिता त्तमामा आदिको स्थान पाएर पनि आदर्श भूमिका निर्वाह गर्न नसक्ने एक असफल व्यक्ति हो । सङ्घर्ष गर्नुपर्ने स्थितिको बोध भएर पनि सङ्घर्ष गर्न नसक्ने, सहानुभूतिशील नारी पात्रका रुपमा उपस्थित दुलहीले अधिकार र स्वतन्त्रताको खोजी त गरेकी छे तर ती कुराहरू निरर्थक भएका छन् । ऊ कसैको दया र निगाहमा बाँच्न चाहन्न । यसरी तीन विपरीत विचारधारा, प्रवृत्ति अनि क्रियाकलापका कारण मसान नाटकलाई वास्तविक मसानमा लगेर टुङ्ग्याउने काम यिनै तीन जना मुख्य पात्रहरूका माध्यमबाट गरेका छन् । 'नारीलाई जिउँदै दागबत्ती दिने घर मसान हो' भन्दै गृहत्याग गर्ने युवती, सन्तानवती भएर पनि उचित सम्मान, मर्यादा, इजजत, ममता आदि नपाएर मृत्युवरण गर्न पुगेकी दुलही अनि नारीलाई खेलौना ठानी इजजत नगर्ने, सन्तान सुखमा नरमाउने, असफल जीवन बिताउने, विलासी, अकर्मण्य र मपाइँत्वले ग्रस्त हृदयहीन स्वाँठ हुनाको कारण मसान नाटक वास्तविक मसानघाटमै पुगेर दुःखद अन्त्य भएको छ ।

## नारीवादका दृष्टिकोणले 'मसान' नाटक

यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता [१३] अर्थात जहाँ नारीको पूजा हुन्छ त्यहाँ देवता पनि खुसी हुन्छन् भन्ने मूल मान्यतालाई आत्मसात गर्नुपर्ने काम मसान नाटकमा भएको छ । स्वयम् नाटककार गोपालप्रसाद रिमाल पनि एक आदर्श नारीवादी चिन्तक हुन् । मसान नेपाली नाटकको पारिवारिक सामाजिक जीवन र नारीको स्थितिलाई चित्रित गर्ने क्रान्तिकारी नाटक हो ।[१४] मसान नाटकमा उपस्थित नारी पात्रहरूले नारी हक अधिकार र नारी आदर्शको खोजी गरेका छन् तर नपाउनाको कारण कसैले तड्पिई तड्पिई घर छाडेका छन् त कसैले मृत्युवरण नै गरेका छन् । नारी सृजनाकी मुहान हुन् । सृष्टिकी आधारस्तम्भ पनि नारी नै हुन् । मानौं, यो सुन्दर संसारबाट नारी जातिले बिदा लिए भने त्यसपछिको संसारको स्थिति के होला ? सोच्न पनि नसकिने अवस्था पक्कै आउन सक्छ । प्रेमिका, पत्नी, बुहारी, सौता, आमा आदिजस्ता नारीका विविध रुपको चर्चा गरिएको प्रस्तुत मसान नाटकले नारीको सार्वभौम र सर्वाधिक सार्थक रूप मातृत्वमा देखेको छ ।[१५] नारी मायाकी खानी पनि हुन् । उनी अरुलाई पनि अत्यन्तै माया खन्याउँछिन् भने आफू पनि अत्यन्तै माया चाहन्छिन् ।

१३. सुश्री निर्मला शाही, **भानुभक्त विशेषाङ्क**, (काठमाडौँः नेपाली साहित्य परिषद्, २०२६) पृष्ठ २४३
१४. केशवप्रसाद उपाध्याय, **पूर्ववत्,** पृष्ठ २४४
१५. पारसमणि भण्डारी र अन्य, **पूर्ववत्,** पृष्ठ ७२

घरायसी कामधन्दामा सीमित रही केबल पुरुषका खेलौना बन्नु र जीवन गुजार्नुमा नारीले जीवनको सार्थकता भेट्दिनन् । नारीले पुरुषका भोग्या वा खेलौना बनी उनीहरूलाई बासनातृप्तिका साधनका रुपमा सदा तयार भइदिनुपर्ने, उनीहरूले आफूमाथि जति नै दमन र शोषण गरे पनि हाँसेरै सहिदिनुपर्ने, पुरुषका खेलौना बनी सन्तान उत्पादन गर्ने मेसिन बनिदिनुपर्ने, कुनै पुरुषले नारीको सृजनात्मक क्षमता वा मातृत्वशक्तिमाथि प्रश्नचिह्न खडा गरेमा पनि त्यसलाई अन्याय नठानी सहिरहनुपर्ने, नारीलाई जिउँदै दागबत्ती दिँदा पनि सजिलै र सहजै चितामा चढेर सुत्यन अनि जल्नुपर्ने जस्ता कुकार्यहरू सहन नारीहरू विवश छन् ।

नवीन सृजनामा नारीत्वको सार्थकता देख्ने र नवजात शिशुको सेवामा जीवनको मूल्य खोज्ने प्रवल नारीभाव र मातृत्वचेतना नारीमा पाइन्छ । आफ्नो शारीरिक स्वार्थमा भन्दा सन्तानसुखको स्वार्थमा रमाउने मातृत्वभाव नारीमा मात्र खन्याएको हुन्छ । जन्मेको १५/१६ वर्षपछि नारीमा प्रेमभाव जागृत हुनु, विपरीत लिङ्गप्रतिको आकर्षण बढ्नु कुनै नौलो कुरा होइन । जब नारी प्रेमिकाबाट पत्नीमा रूपान्तरित हुन्छिन् तब प्रत्येक नारी आमा बनेर सन्तानमाथि मातृत्वभाव खन्याउन चाहन्छन् । मातृत्व प्राप्तिका लागि प्रसव पीडा सहन तयार नारी आमा भएपछि लोभलाग्दी, सम्मानित र गरिमामय बन्ने विचार नाटकमा व्यक्त भएको छ ।[१६]

नारीवाद पुरुषसत्ताको विपरीत नारीसत्ता स्थापनाको निम्ति आएको होइन । यो समानता हो, नारी र पुरुषबीचको न्यायिक सम्बन्धको थालनी हो ।[१७] मसान नेपाली समाजको पारिवारिक-सामाजिक जीवन र नारीको स्थितिलाई चित्रित गर्ने क्रान्तिकारी नाटक हो ।[१८] नेपालका ठूलाबडा, धनीमानी अनि शोषक सामन्त मानिएका व्यक्तिहरूका घरघरमा नारी जातिउपर हुने अत्याचारलाई मूर्त रूप दिनु र नारी जागरण ल्याउनु नै मसान नाटकको उद्देश्य हो । आधा आकाश र आधा धर्ती ढाकेका सृष्टिका आधारभूमि नारीहरू कहिल्यै पुरुषभन्दा कमजोर हुन सक्दैनन् । प्रकृतिले नारी जातिमा थोरै शारीरिक दुर्बलता दिएको होला तर मातृत्वकी खानी अनि सृजनाकी जननी नारी मानसिक लगायत अन्य कुनै कुराबाट पनि कमजोर हुन सक्दिनन् । सहनशीलता, इमानदारिता, मृदुभाषिता, आशावादिता, कोमलता, दूरदर्शिता आदिजस्ता सर्वगुणसम्पन्न भएर पनि पुरुषहरूका घुमाइ र घृणित व्यवहारको सिकार भई नारीले आफ्नो जीवन मसानसरह बनाउन विवश छन् । के युवतीले कृष्णसँग प्रेम गर्नु, बिहे गर्नु, सन्तानको आशा अर्थात् सृजनामा रमाएर सृष्टिलाई निरन्तरता दिन खोज्नु, आफूमा नहुने भएपछि लोग्नेको अंश परेको सन्तानको आशा गर्दै घरमा सौता भित्र्याउनु अभिशाप हो र ? अर्काको विश्वासमा परी 'रोगी र अशक्त सौता छ भने ठीकै छ नि त !' भनी कृष्णसँग दुलहीले बिहे गरेर आउनु, सिङ्गो घरपरिवारले सन्तान जन्माउन ल्याएको मेसिनको व्यवहार गर्दा र लोग्नेले कतिबेल फुटेको आँखाले नहेर्दा पनि सहनशील भई चुपचाप रहनु, करबल सन्तान जन्माउनु तर सन्तानको सेवा गरी सन्तानसुखमा रमाउन नपाउनु, सुत्केरी अवस्थामा बेस्याहार भई मिल्किनुको कारण सदा बिरामी भई एक ट्याबलेट सिटामोलको पनि रहर हुनुमा दुलहीको कहाँनिर के दोष छ त ? मानसिक तनावमा तड्पिँदा तड्पिँदै उसले आफ्नो इहलीला नै समाप्त पारेकी छे ।

१६. पारसमणि भण्डारी र अन्य, **पूर्ववत्,** पृष्ठ ७२

१७. कैलाश कुमार शिवाकोटी, प्रताप वन, **विश्वप्रसिद्ध भनाइहरू** (काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०६२) पृष्ठ ९८

१८. केशवप्रसाद उपाध्याय, **पूर्ववत्,** पृष्ठ २४४

यहीँनेर आफ्नो नारी सृजनात्मकता असफल हुनुको मूल कारक सन्तान नजन्माउने औषधि ख्वाउने कृष्ण भएको पर्दाफास भई नारीलाई जिउँदै दागबत्ती दिने घर मसान सम्झँदै युवतीले पनि घर छाड्न बाध्य भएकी छे । यसरी कृष्णको स्वर्गरूपी घरका जोर बत्तीरूपी लक्ष्मीहरू कोही मर्ने, कोही हिँड्ने गरी कृष्णलाई त एक्लो बनाए, बनाए त्यो विचरा मातृविहीन अबोध शिशुको अवस्था त झन् भयावह नै हुन पुगेको छ । नाटकको अन्त्य अर्थात् उपसंहारखण्डमा नाटककारले भनेका छन्,"वाग्मती पनि आजकल मकहाँ चाकरी लाग्न आएकी छे,,,,,,,,,! विचरा भोटु त खसेछ । कृष्णकी बहिनी (नानी) अरू छोराछोरीहरूसित माइती नै आएर बसेकी छिन् रे- पोइको चाल सहिनसक्नु भएर । अनि कृष्णका अमाबाबु दुवै काशीवास गएछन् । छोरो त बाभ्चेकै छ रे, कृष्णको अर्को बिहेको कुरा पनि राम्रै चलिरहेछ रे,,,,,,,,,!"[१९]

यसरी युवती र दुलहीको मात्र शोषण भएको नदेखाई नाटककार रिमालले कृष्णकी बहिनी र वाग्मतीको अवस्था पनि डामाडोल भएको देखाएका छन् । लोग्नेले आफूलाई रातदिन कुटपिट गर्नु अनि घरभरि छोराछोरी भइसकेपछि पनि अर्की स्वास्नी ल्याउनुको परिणामस्वरूप कृष्णकी बहिनी माइत आउन बाध्य भई । नारीलाई वासनातृप्तिको साधन अनि सन्तान जन्माउने मेसिन ठानेको कृष्णको ज्वाइँले बग्रेल्ती छोराछोरी जन्मायो, कृष्णकी बहिनीलाई थोत्री बनायो अनि अर्की स्वास्नी ल्यायो । छोराछोरीको जतन गरेन । जसको परिणामस्वरूप भोटु पनि मर्न पुग्यो । वाग्मती लोग्नेबाट अपहेलित हुनाको कारण घर छाडेर युवतीको छहारीमा आएकी थिई । त्यहाँ पनि कृष्णको बदमासीका कारण पुरुषसत्ता हावी भएको घर मसान हो भन्दै घरै छाड्नुपर्यो, दुलही पनि घरपरिवार र कृष्णको नारी हिंसाको सिकार भई मर्न पुगी । अनि त वाग्मतीको लागि टेक्ने हाँगो न समाउने डालो भइहाल्यो । यो सबै हुनुको पछाडि मूल कारक भनेको पितृसत्ताको खोल ओढी नारीमाथि गरिने दुर्व्यवहारको परिणति नै हो । आफू आएको धरातल बिर्सने अनि पृथ्वीझैँ क्षमाशील नारी जो आमा, पत्नी, बहिनी, नोकर्नी आदिका विविध रूप भएर पनि समग्रमा आदर्ह देवी हुन् भन्ने मान्यतालाई आत्मसात नगर्ने पुरुष सत्ताप्रतिको दह्रो विद्रोह र नारीवादको आदर्शतालाई प्रस्तुत नाटकले सदा अङ्गीकार गरेको छ ।

## उपसंहार

सुप्रसिद्ध सामाजिक यथार्थवादी नाटककार गोपालप्रसाद रिमालद्वारा लिखित तथा वि सं २००३ सालमा प्रकाशित मसान नारी समस्यामा केन्द्रित उत्कृष्ट नारीवादी नाटक हो । यसै परिवेशमा राणाकालीन पुरुषप्रधान नेपाली समाजमा नारीमाथि हुने गरेका दमन, शोषण, अन्याय, अत्याचारको यथार्थ रूपमा चित्रण गर्न मसान नाटक सर्वोपरि छ ।[२०] पति पत्नीबीच कामवासनाजन्य क्रियाकलाप मात्र सर्वस्व ठान्ने प्रवृत्ति गलत हो । नारी अस्तित्वलाई नारीत्व, पत्नीत्व र मातृत्व तीनै रूपमा सुरक्षित रहन दिनुपर्छ ।[२१] यसमा पनि मूल रूप भनेको नारीका लागि मातृत्व नै हो । आमा भएपछि नारीको सम्मान प्रेमिका र पत्नीभन्दा उच्च हुन्छ । मातृत्व प्राप्य छ, महिमामय छ र आराध्य पनि छ । मातृत्वले नै संसारमा सृष्टि परम्परा कायम छ ।[२२] म्सान शब्दको व्यञ्जनात्मक अर्थ पीडा र यातना दिइने घर हो ।[२३]

१९. गोपालप्रसाद रिमाल, **मसान,** सोह्रौं संस्करण (ललितपुर: साझा प्रकाशन, २०४९) पृष्ठ ६७

२०. मुकुन्दराज शर्मा, **पूर्ववत्,** पृष्ठ ३२

२१. माधवप्रसाद काफ्ले र हिमलाल पुरी, **नेपाली नाटक-एकाङ्की र निबन्ध,** (काठमाडौँ: वाणी अफसेट मुद्रणालय २०६८) पृष्ठ ५६

२२. माधवप्रसाद काफ्ले र हिमलाल पुरी, **पूर्ववत्,** पृष्ठ ५६

२३. केशवप्रसाद उपाध्याय, **पूर्ववत्,** पृष्ठ २३४

यस तात्पर्यलाई युवती, दुलही, वाग्मती र कृष्णकी बहिनीका सन्दर्भहरूबाट नाटककारले पुष्टि गर्ने काम गरेका छन् आमा बन्न नदिने र आमाको अनादर गर्ने घर मसान हो ।[२४] कृष्णबाट युवतीमा सृजनाशक्ति मारेर आमा हुनबाट वञ्चित गराइएको छ । दुलही आमा बनेर पनि तिरस्कारपूर्ण जीवन जिउँदै मर्न पुगेकी छे । आा बनेर पनि कृष्णकी बहिनीले विविध यातना पाउनुपर्ने, वाग्मतीले घर छाडेर अर्काको चाकरी गर्नुपर्ने र भएको छोरो पनि गुमाउनुपर्ने हुनाले शिशुविहीन संसार मात्र होइन, जननीको विचल्ली गरिने समाज पनि मसान नै हो ।[२५]

तत्कालीन राणाकालीन परिवेशमा नारीहरूप्रति परिवार, समाज र राष्ट्रले हेर्ने दृष्टिकोण नै गलत थियो । सृजनाकी मुहान नारीमाथि कुदृष्टि राख्ने, खेलौना तथा वासनातृप्तिको साधन ठान्ने, सदा षोडसी रहोस् भनी ऊभित्रको सन्तानप्राप्तिको सृजनाशक्ति मारिदिने, सन्तान जन्माउने मेसिनबराबर मानी कतिपयले ग्यालग्याल्ती सन्तान जन्माएर उक्त नारीलाई अपहेलना गरी छोराछोरीसहित घरबाटै निकालिदिने, बहुविवाह गर्ने, नारीभित्रको सृजना अर्थात् मातृत्वको अधिकारलाई वास्तै नगरी उसको जीवन बरबाद पारिदिने आदि प्रवृत्तिहरू प्रशस्त भएका थिए । त्यसैको यथार्थ तस्वीर नाटककार रिमालले यस मसान नाटकमा खिचेका छन् र सुधारको अपेक्षा पनि राखेका छन् । त्यसैले नाटककार रिमालले मातृत्वको सम्मान, समर्थन र विजय देखाउन मातृत्वको हत्यारा कृष्णलाई पराजित तुल्याई अर्को जन्ममा युवतीको छोरो भई जन्मेर आमाको सेवा गर्ने प्रार्थना गराउँछन् ।[२६] यसरी मातृत्ववेग प्रवल गराई नारीलाई वास्तविक नारीका रूपमा बाँच्न दिऊँ अनि घर, समाज र देशलाई नै मसान हुनबाट बचाउने प्रगतिवादी सोच राखिएको प्रस्तुत नाटक नाटककार रिमालको महत्वपूर्ण उपलब्धि सावित भएको छ ।

## निष्कर्ष

सुप्रसिद्ध नाटककार गोपालप्रसाद रिमाल (वि.सं. १९७५-२०३०) एक क्रान्तिकारी तथा विद्रोही नाटककार व्यक्तित्व हुन् । नेपाली समाजको यथार्थ वस्तुस्थिति केलाई नारीहरूप्रति सहानुभूतिको स्वर अभिव्यक्त गर्न सफल उनी स्पष्ट नारीवादी चिन्तक नै मानिन्छन् । भाषिक सरलता, मौलिकता, सहजता र तार्किकता, न्याय र समानता, मनोवैज्ञानिक द्वन्द्व, नारीहरूको अस्तित्व र गौरवका पक्षमा वकालत, उद्देश्यपूर्ण सिर्जना आदि नाट्य प्रवृत्तिहरूले वरण गरेका रिमाल आधुनिक नेपाली नाट्य साहित्यको फाँटमा एक सफल नाटककार नै मानिन्छन् । 'विवाह यौनेच्छाको लागि मात्र होइन, यसमा सन्तानोत्पत्तिको पनि प्रमुख रूप र मूलभूत सिद्धान्त रहन्छ' भन्ने मूल उद्देश्यका साथ रचित 'मसान' नाटकले पुरुषले गरेका अन्याय विरुद्ध विद्रोह गरेको छ । पुरुषप्रधान अत्याचारले चिथोरिएका, शोषणले सुकेका र बासनाले डसिएका नारीहरूका विविध अवस्था र चरित्रको चित्रण गरी तिनलाई आफ्नो हक, न्याय र समानताका निम्ति बोल्न र विद्रोह गर्न लगाएर समाजमा क्रान्तिकारी परिवर्तन ल्याउने उद्देश्य राखेको छ । 'मसान' नाटकको केन्द्रीय कथ्य पनि यसैमा निहित छ । नाटकको मुख्य पुरुष पात्र कृष्ण सम्पूर्ण सदरिया युवाहरूको प्रतिनिधि पात्र हो । नारी पात्रका रूपमा उपस्थित युवती र दुलहीले पनि सिङ्गो समाजका पीडित नारीहरूको प्रतिनिधित्व गर्दै र विद्रोहका स्वर उराल्दै आधा आकाश अनि आधा धर्ती ढाकेका नारीहरूको मुक्तिको बाटो चाहेका छन् ।

२४. केशवप्रसाद उपाध्याय, **पूर्ववत्,** पृष्ठ २३४

२५. केशवप्रसाद उपाध्याय, **पूर्ववत्,** पृष्ठ २३४

२६. पारसमणि भण्डारी र अन्य, पूर्ववत्, पृष्ठ ७२

**सन्दर्भग्रन्थ सूची**


१. उपाध्याय केशवप्रसाद, (२०४९), **रिमाल व्यक्ति र कृति**, काठमाडौँ: साझा प्रकाशन ।

२. काफ्ले माधवप्रसाद र हिमलाल पुरी, (२०६८) **नेपाली नाटक-एकाङ्की र निबन्ध**, काठमाडौँ: वाणी अफसेट मुद्रणालय ।

३ जोशी रत्नध्वज, **आधुनिक नेपाली साहित्यको झलक**, दो.सं. काठमाडौँ: साझा प्रकाशन, २०३२ ।

३. **नेपाली बृहत् शब्दकोश**, (२०४०), काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

४. पोखरेल रामचन्द्र, (२०६२), **नेपाली नाटक, सिद्धान्त र समीक्षा**, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

५. भण्डारी पारसमणि र अन्य, (२०६४), **नेपाली गद्य र नाटक**, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

६. भण्डारी पारसमणि र अन्य, (२०६७), **नेपाली नाटक-एकाङ्की र निबन्ध**, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

७. रिमाल गोपालप्रसाद, (२०४९), **मसान**, काठमाडौँ: साझा प्रकाशन ।

८. शर्मा मुकुन्दराज, (२०६१), **नेपाली नाटक-एकाङ्की र निबन्ध सहयोगी**, काठमाडौँ: एम के पब्लिशर्स एण्ड डिष्ट्रीव्युटर्स ।

९. शर्मा मोहनराज, (२०५९), **शैलीविज्ञान**, काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

१०. शिवाकोटी कैलाश कुमार, प्रताप वन, (२०६२), **विश्वप्रसिद्ध भनाइहरू**, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

११. श्रेष्ठ 'सम्भव' दयाराम, **नेपाली साहित्यका केही पृष्ठ**, काठमाडौँ: साझा प्रकाशन, २०३२ ।

११. सुश्री शाही निर्मला, (२०२६) **भानुभक्त विशेषाङ्क**, (काठमाडौँ: नेपाली साहित्य परिषद् ।